'समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर सहर: सुशासनयुक्त, पर्यटकीय र समृद्ध तिलोत्तमा नगर'

# तिलोत्तमा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कुञ्जलापुर, मणिग्राम, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल ।

मितिः २०८२।७।१४

### घर भाडामा लिने सम्बन्धी सूचना !

प्रस्तुत विषयमा तिलोत्तमा नगरपालिकाबाट सुपथ फार्मेसी संचालन गर्नको लागि तपसिल बमोजिमका सेवा, सुविधा सहित देहायका मापदण्ड पुरा भएको घरको आवश्यकता परेको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ बमोजिम घर भाडामा दिन चाहनु हुने घरधनीहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन अर्थात मिति २०८२ कात्तिक २० गतेभित्र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, नगरपालिकाबाट प्राप्त घर नक्सा पास प्रमाणपत्रको प्रतिलिपि, चालु आर्थिक वर्षको सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि र जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि सहित यस कार्यालयमा सिलबन्दी निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

देहायः

१. भाडामा लिइने कोठाहरू कम्तिमा २५० वर्ग फिट कुल क्षेत्रफल नघट्ने गरी पक्की घरमा निर्मित, सटर सहितका कम्तिमा २ वटा तथा फराकिला र उज्याला हुनुपर्नेछ ।

२. घरमा शौचालय, पानी तथा विद्युतको राम्रो व्यवस्था भएको हुनुपर्नेछ ।

३. भाडामा लिईने घर मणिग्राम चोक देखि २०० मिटर उत्तर-दक्षिण मूख्य राजमार्गमा हुनुपर्नेछ ।

४. जमिनभन्दा कम्तिमा १ मिटर माथि रहेको तथा राजमार्गबाट प्रष्ट देखिने गरी plinth level भएको र सवारी साधन पार्किङ्गको लागि उपयुक्त व्यवस्था भएको घरलाई विशेष प्राथमिकता दिइने छ।

५. सहज आवागमन तथा अधिक उपयोगिताको लागि मूख्य राजमार्गको अतिरिक्त अर्को बैकल्पिक मार्गसँग समेत मोहडा मिल्ने घरलाई प्राथमिकता दिइने छ ।

६. घरभाडामा दिन चाहने घरधनीले कोठाको साईज साथै भाडामा दिन चाहेको न्यूनतम रकम (प्रचलित कानून अनुसार लाग्ने कर समेत) उल्लेख गरी निवेदनसाथ पेस गर्नु पर्नेछ ।

पुनश्चः

जिल्ला घरभाडा निर्धारण समितिले निर्धारण गरेको दररेटमा सीमित रहि घर भाडामा लिईनेछ ।

वेबसाइटः www.tilottamamun.gov.np, इमेलः tilottamamun@gmail.com, फोनः ०७१-५६२९७९

Scanned with CamScanner